लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय दाङ

# मासिक जनस्वास्थ्य बुलेटिन

आ.व.:२०८२/८३ वर्ष: पहिलो अंकः ६ पुष २०८२

## पुष महिनाका प्रमुख उपलब्धिहरु

- सामुदायिक तथा संस्थागत विद्यालयका १०-१९ वर्ष उमेर समूहका किशोरीहरुको रक्तअल्पता परीक्षण कार्य सम्पन्न गरिएको ।
- सि बि आई एम एन सि आई अनसाईट कोचिङ तथा सहयोगात्मक सुपरिवेक्षण गरिएको ।
- न्युनतम सेवा मापदण्ड फलोअप अनुगमन गरिएको ।
- जिल्ला स्तरमा नियमित खोप कार्यक्रम तथा खोपबाट बचाउन सकिने रोगहरुको खोजपडताल सम्बन्धी समीक्षा, खोप तथा रोगवारे जानकारी, सरसफाई प्रवर्द्धन तथा सुक्ष्म योजना अध्यावधिक गोष्ठी सम्पन्न गरिएको ।
- खोप तथा सरसफाई प्रवर्दन कार्यक्रमको अनसाइट कोचिङ तथा अनुगमन गरिएको ।
- नियमित खोपमा बिद्यालय केन्द्रित खोप अभियान (एच.पी.भी खोप ) संचालनको लागी जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको ।
- स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुसंग मासिक बैठक
- DHIS२/परिमार्जित HMIS सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम ।
- तथ्याङ्क गुणस्तर सुधारका लागि स्थानीय तह एवम् स्वास्थ्य संस्थाहरुमा एल एम आइ एस, एच एम आइ एस र डि एच आई एस र PAMS V२ सम्बन्धी अनसाइट कोचिङ (स्थलगत अनुशिक्षण) स्थानीयतह स्वास्थ्य शाखाको मासिक मिटिङमा सहजीकरण तथा PAMS V२ तालिममा सहजीकरण गरिएको ।
- मुस्लीम तथा अल्पसंख्यक समुदायमा खुसहाल परिवार कार्यक्रम संचालन गरिएको।
- स्थानीय तहका स्वास्थ्य संस्थाबाट सन्चालन भएका मातृ तथा नवशिशु कार्यक्रमहरुको अनुगमन क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम संचालन गरिएको ।
- सुरक्षित गर्भपतन सेवा साइट सुचिकृतको लागि अनुगमन, अनसाइट कोचिङ तथा सहजिकरण गरिएको ।

## पुष महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

### सामुदायिक तथा संस्थागत विद्यालयका १०-१९ वर्ष उमेर समूहका किशोरीहरुको रक्तअल्पता परीक्षण कार्य सम्पन्न :

लमही नगरपालिका, घोराही र तुलसीपुर उपमहानगरपालिकाका ४ वटा विद्यालयहरुमा अध्ययनरत १५९५ जना किशोरीहरुमा रक्तअल्पता परिक्षण गरिएको थियो ।

### सि बि आई एम एन सि आई अनसाईट कोचिङ तथा सहयोगी सुपरिवेक्षणः

दाङ जिल्लाका ५ वटा स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीहरुको उपस्थितिम संस्थाबाट प्रदान गरिएको CB-IMNCI सेवा तथा कार्यक्रमको सहयोगी सुपरिवेक्षण र अनसाइट कोचिङ मार्फत सुधारगर्नुपर्ने विषयहरुमा पृष्ठपोषण प्रदान गरिएको थियो ।

### न्युनतम सेवा मापदण्डको फलोअप तथा अनुगमन कार्य :

दाङ जिल्लाका ३ वटा स्वास्थ्य संस्थाहरु न्युनतम सेवा मापदण्ड लेखाजोखा तथा मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण प्रदान गरिएको थियो ।

### जिल्ला स्तरमा नियमित खोप कार्यक्रम तथा खोपबाट बचाउन सकिने रोगहरुको खोजपडताल सम्बन्धी समीक्षा, खोप तथा रोगवारे जानकारी, सरसफाई प्रवर्दन तथा सुक्ष्म योजना अध्यावधिक गोष्ठीः

# पुष महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

क्रमश....... दाङ जिल्लाका १० वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा खोप सेवा फोकल व्यक्तिहरुलाई लक्षित गरि खोप सेवा, खोपबाट बचाउन सकिने रोगहरुको खोजपडताल सम्बन्धी समीक्षा, खोप तथा रोगवारे जानकारी, सरसफाई प्रवर्द्धन तथा सुक्ष्म योजना अध्यावधिक गोष्ठी सम्पन्न गरिएको थियो ।

## खोप तथा सरसफाई प्रवर्द्धन कार्यक्रमको अनसाइट कोचिङ तथा अनुगमन :

२ वटा खोप केन्द्रहरुबाट नियमित रुपमा संचालित खोप सेसनहरुको अनुगमन र अवलोकन गरी आवश्यक सहजीकरण तथा पृष्ठपोषण प्रदान गरिएको थियो ।

## नियमित खोपमा विद्यालय केन्द्रित एच.पी.भी खोप अभियान संचालनको लागी जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठी :

नियमित खोपमा विद्यालय केन्द्रित एच.पी.भी खोप अभियान संचालन सम्बन्धमा दाङ जिल्लाका १० वटै पालिकाका स्वास्थ्य शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र खोप फोकल पर्सनहरुको उपस्थितिमा जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठी सम्पन्न गरिएको थियो ।

## स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरुसंग मासिक बैठक सम्पन्न :

जिल्ला जिल्लाका १० वटै पालिकाका स्वास्थ्य शाखा प्रमुखहरुको उपस्थितिमा तत्थ्याङ्क गुणस्तर सुधारका र स्वास्थ्य सेवालाई थप व्यवस्थित गर्ने शन्दर्भमा स्वास्थ्य कार्यालय दाङमा नियमित मासिक बैठक सम्पन्न गरिएको थियो।

## DHIS२/परिमार्जित HMIS सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रमः

स्वास्थ्य संस्था तथा अस्पतालहरुमा कार्यरत नयाँ नियुक्त भएका र हालसम्म तालिम नलिएका २४ जना स्वास्थ्यकर्मीहरुको सहभागीतामा २०८२।०९।२३ देखि २५ सम्म ३ दिने तालिम सम्पन्न गरिएको थियो ।

## मुस्लीम तथा अल्पसंख्यक समुदायमा खुसहाल परिवार कार्यक्रम संचालन :

राप्ती गाउँपालिका मुस्लीम तथा अल्पसंख्यक समुदायलाई लक्षित गरि राप्ती गाउँपालिकामा २०८२।०९।०२ गते करिब ५० देखि ६० जनाको उपस्थितिमा स्वास्थ्य सेवाहरु विशेषगरि सुरक्षित मातृत्व, परिवार नियोजन सेवा र खोप सेवा लगाएतका सेवाहरुको उपभोग वृद्धि गर्ने उदेश्यले खुसहाल परिवार कार्यक्रम सम्पन्न गरिएको थियो ।

## स्थानीय तहका स्वास्थ्य संस्थाबाट सन्चालन भएका मातृ तथा नवशिशु कार्यक्रमहरुको अनुगमन क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम संचालन :

मातृ तथा नवशिशु कार्यक्रम अन्तरगत सुरक्षित प्रसुति तथा गुणस्तरिय सेवा प्रवाहमा सुधार गर्ने अभिप्रायले राप्ती गाउँपालिका अन्तरगत राप्ती आधारभुत अस्पतालमा मिति २०८२।०९।२४ देखि २६ गते सम्म १ व्याचमा बर्थिङ सेन्टरमा कार्यरत १५ जना नर्सिङ कर्मचारीहरु उपस्थितिमा क्लिनिकल अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम सम्पन्न गरिएको थियो ।

## सुरक्षित गर्भपतन सेवा साइट सुचिकृतको लागि अनुगमन, अनसाइट कोचिङ तथा सहजिकरण ।

गढवा गाउँपालिका कोइलावास स्वास्थ्य चौकीलाई सुरक्षित गर्भपतन सेवा साईट सुचिकृत गर्नको लागि २०८२।०९।०८ गतेका दिन स्वास्थ्य संस्थाका सम्पूर्ण कर्मचारीहरुको सहभागितामा पुरा गर्नुपर्ने मापदण्डहरुको मूल्याङ्कन गर्नुका साथै अनसाईट कोचिङ तथा सहजीकरण गरिएको थियो ।

# स्थानीय तहहरुबाट सम्पादित क्रियाकलापहरु

### राजपुर गाउँपालिका

- आँखा शिविर संचालन ।
- स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठक संचालन ।
- स्वास्थ्यकर्मीहरुका लागि PAMS-V२ सम्बन्धि तालिम संचालन ।

### गढवा गाउँपालिका

- स्वास्थ्य संस्थाहरुको मासिक समिक्षा बैठक संचालन ।
- स्वास्थ्यकर्मीहरुका लागि PAMS-V२ सम्बन्धि तालिम संचालन ।
- वडा स्तरीय प्रजनन स्वास्थ्य समन्वय समिति गठन तथा अभिमुखीकरण कार्यक्रम ।
- क्षयरोग सम्बन्धी स्थलगत अभिमुखीकरण तथा सहयोगी सुपरिवेक्षण कार्यक्रम ।
- CBIMNCI onsite कोचिङ कार्यक्रम ।

### लमही नगरपालिका

- पोषण कार्यक्रमको वार्षिक समिक्षा कार्यक्रम सम्पन्न ।
- खोप सुदृढीकरण र योजना तर्जुमा गोष्ठि सम्पन्न ।

### घोराही उपमहानगरपालिका

- स्वास्थ्य संस्थाहरु प्रमुखहरुको मासिक समिक्षा बैठक संचालन ।
- राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठान र पोषण मार्फत जिबन रुपान्तरण कार्यक्रक तथा घोराही उपमहानगरपालिका जनस्वास्थ्य प्रबर्धनशाखाको समन्वय तथा सहकार्यमा घोराही १५ को बालशिक्षासदन र घोराही १८ मा बि रझेनाका ५ बर्ष मुनिका बालबालिकाको षोषणको स्थिति लेखाजोखा, दन्त परिक्षण, पोषण सम्बन्धी परामर्श तथा स्वस्थकर खानपान र सरसफाई सम्बन्धी सेवा तथा सचेतना कार्यक्रम गरिएको ।
- मानसिक स्वास्थ्य प्रबर्धनका लागि नेपाल महिला सामुदायीक सेवा केन्द्र संगको समन्वय तथा सहकार्यमा स्वास्थ मन स्वस्थ जीवन मनका कुरा गरौ अभियानलाई बिभिन्न वडाहरुमा संचालन गरीएको ।
- पूर्ण खोप सुनिशरचितता तथा दिगोपनका लागी पालिका स्तरिय अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।

### तुलसीपुर उपमहानगरपालिका

- विद्यालय स्वास्थ्य शिक्षा सचेतना अभियान (किशोर किशोरी स्वास्थ्य तथा पोषण) संचालन ।
- ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम ।
- CB-IMNCI कार्यक्रम सम्बन्धि अन्साइट कोचिङ कार्यक्रम ।
- नियमित खोप कार्यक्रमको अनुगमन तथा सहयोगी सुपरिवेक्षण ।
- स्वास्थ्य संस्थाहरु प्रमुखहरुको मासिक समिक्षा बैठक संचालन ।

### दंगीशरण गाउँपालिका

- एकीकृत विशेषज्ञ स्वास्थ्य शिविर सन्चालन ।
- स्वास्थ्य संस्थाहरु प्रमुखहरुको मासिक समिक्षा बैठक संचालन ।
- स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड कार्यक्रम सन्चालन ।

### बंगलाचुली गाउँपालिका

- CB-IMNCI कार्यक्रम सम्बन्धि अन्साइट कोचिङ कार्यक्रम ।
- VIA शिविर तथा विशेषज्ञ स्वास्थ्य शिविर सन्चालन ।

## आगामी महिनाको योजना

- सि.बि.आई.एम.एन.सि.आई. कार्यक्रमको स्थानिय तह मार्फत अनसाइट कोचिङ तथा सहयोगात्मक सुपरिवेक्षण कार्यक्रम संचालन गर्ने ।
- खोप तथा सरसफाई प्रवर्दन कार्यक्रमलाई प्रभागकारी बनाउनको स्वास्थ्य संस्था तथा खोप केन्द्रहरुको अनसाइट कोचिङ तथा अनुगमन |
- ३० वर्ष माथिका जनसंख्यालाई लक्षित गरि नसर्ने रोगहरुको स्क्रीनिङ कार्यक्रम ।
- किशोरीहरु लक्षित एच.पी.भी खोप अभियान संचालन ।
- तथ्याङ्क गुणस्तर सुधारका लागि स्थानीय तह स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरुमा DHIS२/HMIS/PAMS v२ सम्बन्धी नियमित स्थलगत अनुशिक्षण तथा डाटा भेरिफिकेशन ।

## सुझाव र प्रतिक्रियाका लागी


सूचना अधिकारी
नामः प्रेम प्रकाश खड्का
पदः अधिकृत लेखा
फोन नम्बरः ९८५७८६०००५
ईमेल ठेगाना:
khadkapremprakash2@gmail.com

गुनासो सुन्ने अधिकारी
नामः शरद कुमार घिमिरे
पदः अधिकृत छैठौ
फोन नम्बरः ९८४७८२०३८८
ईमेल ठेगाना:
sharad20ghimire@gmail.com

# केहि शान्दर्भिक फोटोहरु




मंसिर महिनाको नियमित मासिक बैठक




सामुदायिक तथा संस्थागत विद्यालयका १०-१९ वर्ष उमेर समूहका किशोरीहरुको रक्तअल्पता परीक्षण कार्यक्रम



DHIS२/परिमार्जित HMIS सम्बन्धी ३ दिने अभिमुखीकरण कार्यक्रम



नियमित खोपमा विद्यालय केन्द्रित एच.पी.भी खोप अभियान संचालनको लागी जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठी



खोप तथा सरसफाई प्रवर्द्धन कार्यक्रमको अनसाइट कोचिङ तथा अनुगमन



मुस्लीम तथा अल्पसंख्यक समुदायमा खुसहाल परिवार कार्यक्रम संचालन




मातृ तथा नवशिशु कार्यक्रमहरुको अनुगमन अनसाइट कोचिङ तथा सहजीकरण ।

**थप जानकारीको लागी तल दिईएको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

hodang@lumbini.gov.np https://hodang.lumbini.gov.np ०८२-५६०००५ ट्राफिक चोक, घोराही, दाङ